# राष्ट्रिय अपाङ्ग महासंघ–नेपालको विधान २०५०
# (तेस्रो संशोधन २०६७)

**प्रस्तावना**

सबै मानिसहरु जन्मैदेखि स्वतन्त्र भई समान महत्व र अधिकार सम्पन्न हुन्छन् र अपाङ्गता भएका व्यक्ति पनि स्वतः यी अधिकारहरुका हकदार[1] हुन्छन् तसर्थ यस्ता व्यक्तिहरुको समाजमा सम्मानपूर्वक बाँच्ने तथा स्वतन्त्रता, सुरक्षा र समानताको अधिकारहरु हुन्छन् भन्ने तथ्यमा विश्वास राख्दै, मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि संयुक्त राष्ट्र संघीय महासन्धि[2]लगायत विभिन्न अभिसन्धि र घोषणापत्रहरु माथि पुनः दृढ विश्वास प्रकट गर्दै नेपालको **चालु संविधान**द्धारा[3] प्रदत्त मौलिक हक अधिकारहरुलाई आत्मसात गरी अपाङ्गता भएका व्यक्तिहरुको हक, हित संरक्षण, सम्वर्द्धन एवं उपभोगका निमित्त त्यस्तो कार्यमा संलग्न संस्थाहरुबीच सहयोग, समन्वय, संचार र समझदारी अभिवृद्धि गराउँदै स्वयं त्यस्ता संस्थाहरुको सुदृढिकरण, सामुहिक प्रयत्नलाई प्रोत्साहित गर्दै अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीमा पहुँच, आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक सशक्तिकरण गर्दै राष्ट्रिय नीति निर्माण तथा विकासको कार्यमा सहभागिता एवं सहज पहुँच पुर्‍याउने उद्देश्यले **राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल**नामक मुनाफा रहित[4] गैरसरकारी संस्थाको स्थापना गरिएको छ ।

## परिच्छेद –१
## पारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

क) यो विधानको **नाम राष्ट्रिय अपाङ्ग महासंघ–नेपालको विधान** २०५० (तेस्रो संशोधन २०६७) रहने छ । यसलाई अंग्रेजीमा **The Constitution of National Federation of the Disabled-Nepal 1993**(Third Ammendment 2011)मानिने छ र छोटकरीमा **NFDN**भनिने छ ।

ख) यो विधान नेपाल सरकारबाट[5] स्वीकृति प्राप्त भएको मितिबाट लागु हुने छ ।

**२. परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क)**"विधान"** भन्नाले राष्ट्रिय अपाङ्ग महासंघ-नेपालको विधान २०५० र संशोधन समेतलाई जनाउँदछ ।

(ख) **"महासंघ"** भन्नाले विधान बमोजिम **राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल**लाई जनाउँदछ ।

(ग) **"नियम"** भन्नाले यो विधान अन्तर्गत बनाईने नियमहरुलाई जनाउँदछ ।

(घ) **"अपाङ्गता भएको व्यक्ति"** भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ज्ञानेन्द्रीय सम्बन्धी दीर्घ अशक्तताद्धारा सृजित विभिन्न अवरोधहरुसंगको अन्तक्रियाको कारणले समाजमा अन्य व्यक्ति सरह

---

[1]तेस्रो संशोधन २०६७ द्वारा संशोधित ।
[2]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[3]तेस्रो संशोधन २०६७ द्वारा संशोधित ।
[4]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[5]तेस्रो संशोधन २०६७ द्वारा संशोधित ।

समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागि हुन बाधा भएको व्यक्ति सम्झनुपर्छ ।[६]

(घ.१)**"अपाङ्गता"** भन्नाले शारीरिक अंगहरु र शारीरिक प्रणालीमा भएको समस्याको कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै संचार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रुपमा संचालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागि हुन कठिनाई हुने अवस्था सम्झनुपर्दछ ।[७] (नेपाल सरकारले गरेको परिभाषा र वर्गिकरणको आधारमा यसको व्याख्या हुनेछ)

(ङ) **"राष्ट्रिय साधारण सभा"** भन्नाले यस विधान अन्तरगत गरिने केन्द्रीय बार्षिक साधारण सभालाई जनाउँछ यस शब्दले प्रत्येक तीन तीन वर्षमा गरिने राष्ट्रिय महाधिवेशन समेतलाई जनाउँछ ।[८]

(ङ.१) **"क्षेत्रीय साधारण सभा"** भन्नाले यस विधान अन्तरगत हुने प्रत्येक क्षेत्रीय बार्षिक साधारण सभालाई जनाउँछ । यस शब्दले प्रत्येक तीन तीन वर्षमा गरिने क्षेत्रीय अधिवेशनलाई समेत जनाउँछ ।[९]

(ङ.२)**"जिल्ला साधारण सभा"** भन्नाले यस विधान अन्तरगत हुने जिल्ला शाखाको बार्षिक साधारण सभालाई जनाउँछ । यस शब्दले प्रत्येक जिल्लाको तीन तीन बर्षमा हुने जिल्ला अधिवेशनलाई समेत जनाउँछ ।[१०]

(ङ.३) **"विशेष साधारण सभा"** भन्नाले दफा १२ ले व्यवस्था गरे बमोजिम हुनेछ ।[११]

(च) **"सदस्य"** भन्नाले यस महासंघको विधान वमोजिम सदस्यता प्राप्त संस्थालाई जनाउँदछ ।

(छ) **"केन्द्रीय प्रतिनिधि"** भन्नाले यस विधान अन्तरगत केन्द्रीय साधारण सभामा भाग लिने दफा ११ बमोजिमका प्रतिनिधिहरुलाई जनाउँदछ ।[१२]

(छ.१)**"क्षेत्रीय प्रतिनिधि"** भन्नाले यस विधान अन्तरगत क्षेत्रीय साधारण सभामा भाग लिने दफा ११ क बमोजिमका प्रतिनिधिहरुलाई जनाउँदछ ।[१३]

(छ.२) **"जिल्ला प्रतिनिधि"** भन्नाले यस विधान अन्तरगत जिल्ला साधारण सभामा भाग लिने दफा ११ ख बमोजिमका प्रतिनिधिहरुलाई जनाउँदछ ।[१४]

(ज) **"केन्द्रीय कार्यसमिति"** भन्नाले यस विधान अन्तरगत गठित केन्द्रीय कार्यसमितिलाई जनाउँछ ।[१५]

(ज.१) **"क्षेत्रीय कार्यसमिति"** भन्नाले यस विधान अन्तरगत गठित क्षेत्रीय कार्यसमितिलाई जनाउँछ । यस समितिले महासंघको क्षेत्रीय च्याप्टरको कार्यकारी निकायको रुपमा कार्य गर्नेछ ।[१६]

(ज.२) **"जिल्ला कार्यसमिति"** भन्नाले यस विधान अन्तरगत गठित जिल्ला कार्यसमितिलाई जनाउँछ । यस

---

[6]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[7]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[8]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[9]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[10]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[11]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[12]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[13]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[14]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[15]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[16]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

समितिले महासंघको जिल्ला च्याप्टरको कार्यकारी निकायको रुपमा कार्य गर्नेछ ।[१७]

(झ) **"कार्य सम्पादन समिति"** भन्नाले यस विधान बमोजिम केन्द्रीय कार्यसमिति, क्षेत्रीय कार्यसमिति वा जिल्ला कार्यसमिति अन्तरगतका प्रतिनिधमूलक निकायलाई जनाउँछ । जसले सम्वन्धित समितिको दैनिक कार्य सम्पादनको जिम्मेवारी बहन गर्दछ ।[१८]

(ञ) **"महिला समिति"** भन्नाले यस विधान बमोजिम गठित केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरीय महिला समितिलाई जनाउँछ ।[१९]

(ट) **"विभाग"** भन्नाले यस विधान बमोजिम केन्द्रीय कार्यसमितिको निर्णय बमोजिम गठन हुने विभागहरुलाई जनाउँछ ।[२०]

(ठ) **"केन्द्रीय कार्यसमिति सदस्य"** भन्नाले दफा १३ (१) वमोजिम निर्वाचित हुने पदाधिकारी तथा सदस्यहरु एवं मनोनित हुने सदस्यहरु समेतलाई जनाउँदछ ।

(ठ.१) **"क्षेत्रीय कार्यसमिति सदस्य"** भन्नाले दफा १३ क (१) वमोजिम सम्वन्धित क्षेत्रमा निर्वाचित हुने पदाधिकारी तथा सदस्यहरु एवं मनोनित हुने सदस्यहरु समेतलाई जनाउँदछ ।

(ठ.२) **"जिल्ला कार्यसमिति सदस्य"** भन्नाले दफा १३ ख (१) वमोजिम सम्वन्धित जिल्लामा निर्वाचित हुने पदाधिकारी तथा सदस्यहरु एवं मनोनित हुने सदस्यहरु समेतलाई जनाउँदछ ।[२१]

(ड) **"च्याप्टर"** भन्नाले महासंघका क्षेत्रीय वा जिल्लास्तरिय संयन्त्रलाई बुझाउनेछ ।[२२]

(ढ) **"निर्देशक"** भन्नाले यस विधानको दफा १६मा व्यवस्था गरिएको निर्देशकलाई जनाउँछ ।

(ण) **"सपथ ग्रहण"** भन्नाले केन्द्रीय, क्षेत्रीय, जिल्लास्तरिय साधारण सभाबाट निर्वाचित हुने सदस्यहरु र सम्वन्धीत निकायका पदाधिकारीहरुले निर्वाचित भएको पदमा रही महासंघको उद्देश्य नीति र भावना मुताविक अपाङ्गता भएका नेपाली नागरिकहरुको सर्वोपरि हक, हितका लागि कार्य गर्ने प्रतिज्ञापत्रलाई जनाउँछ । जसको ढाँचा अनुसुचि ३ बमोजिम हुनेछ ।

(त) **"सिआरपिडि"** भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि संयूक्त राष्ट्र संघीय महासंन्धि (Convention on the Rights of Persons with Disabilities-2006) भन्ने बुझ्नुपर्दछ ।[२३]

(थ) **"आर्थिक वर्ष"** भन्नाले हरेक वर्षको श्रावण संग्रातिदेखि प्रारम्भ भई आषाढ मसान्तसम्मको समयलाई जनाउँदछ, तर महासंघ दर्ता भएको वर्षको लागि महासंघ दर्ता भएको मितिबाट आउदो आषाढ मसान्तसम्मको समयलाई जनाउँदछ ।

(द) **"तोकिएको"** वा तोकिए बमोजिमको भन्नाले यो विधान वा यस अन्तर्गत बनाइने नियमावलीमा तोकिए वमोजिमका कुराहरुलाई जनाउँदछ ।

**३. महासंघको छाप र स्थापनाः**

(क) यो विधान प्रारम्भ भएको मितिदेखि**राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल**नामक संगठन स्थापित हुनेछ ।

[17]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[18]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[19]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[20]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[21]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[22]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[23]तेस्रो संशोधन २०६७ द्वारा थप ।

यसलाई अंग्रेजीमा **National Federation of the Disabled-Nepal** भनिने छ । र छोटकरी मा **NFDN**भनिने छ ।

(ख) महासंघको केन्द्रीय कार्यसमितिले निर्णय गरे वमोजिमको महासंघको नाम अंकित भएको एउटा छाप हुनेछ, जुन यस महासंघबाट भए गरेका कागजपत्रहरुमा लगाइनेछ ।

(ग) महासंघको प्रतीक चिन्ह अनुसूचि १ मा उल्लेख भए वमोजिम हुने छ र महासंघको झण्डा अनुसूचि २ मा उल्लेख भए वमोजिम हुनेछ ।

(घ) यो महासंघ मुनाफा रहित उद्देश्यले स्थापित एक अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठीत संस्था हुनेछ र यस महासंघले आफ्नो हितको लागि व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग र बेचविखन गर्न, धितो बन्धक राख्न तथा आफ्नो नामबाट नालिस, उजुर गर्न सक्ने छ ।

**४. महासंघको कार्यालय**

यस महासंघको कार्यालय हाल काठमाडौं जिल्लाभित्र रहने छ र आवश्यकता अनुसार केन्द्रीय कार्यसमितिले ठेगाना परिवर्तन गर्न सक्ने छ । यसो भएमा सोको जानकारी स्थानीय अधिकारीलाई दिइनेछ । क्षेत्रीय र जिल्ला च्याप्टरका कार्यालयहरु केन्द्रीय कार्यसमितिले तोके बमोजिमका स्थानमा हुनेछन् ।[२४]

## परिच्छेद–२
## उद्देश्य तथा क्रियाकलापहरु

**५. मूल उद्देश्य**

प्रचलित कानुनको अधिनमा रहि कार्य गर्ने गरी महासंघका निम्न उद्देश्यहरु रहने छन् ।

क) नेपालभित्र[२५] रहेका अपाङ्गहरुको हक हित, संरक्षण तथा सम्वर्द्धन गर्ने गराउने ।

(ख) राज्यको नीति निर्माण गर्ने, गराउने सबै तहमा अपाङ्गता भएका व्यक्तिहरुको समावेशीकरण तथा सहज पहुँच पुऱ्याउने र मानव अधिकारको उपभोग सहित समाजमा सम्मानजनक रुपमा बाँच्न पाउने वातावरणको सृजना गर्ने, गराउने ।[२६]

(ग) अपाङ्गता भएका व्यक्तिहरुको आत्मास्वाभिमान र स्तरयूक्त जीवनयापन गर्न नागरिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सशक्तिकरण सहित गरिबी निवारण गर्ने, गराउने ।[२७]

(घ) अपाङ्गता भएका व्यक्तिहरुलाई आवागमन, स्वास्थ्य सेवा, संचार, शिक्षा, रोजगारी, खेलकुद, बैयक्तिक सहयोगी र सहायक सामाग्री एवं अन्य विभिन्न क्षेत्रहरुमा सहज पहुँच, अवसर एवं आरक्षण प्रदान गर्ने, गराउने ।[२८]

(ङ) राष्ट्र विकासको कार्यमा अपाङ्गता भएका व्यक्तिहरुलाई समान सहभागिताको अवसर दिलाउने ।

(च) महासंघको संयन्त्र एवं सदस्य संस्थाहरुको क्षमता अभिवृद्धि गराउँदै छाता संस्थाको रुपमा कार्य गर्ने ।[२९]

---

[24]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[25]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[26]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[27]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[28]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[29]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

(छ) अपाङ्गता क्षेत्रभित्रको अन्तरविवेदको न्यूनिकरण गर्ने । [३०]

(ज) मुलुकभित्र रहेका अपाङ्गता क्षेत्रमा कार्यरत संघ संस्थाहरुलाई अभिभावकत्व प्रदान गर्दै आवद्ध संस्थाहरुको अनुगमन, मुल्याङ्कन र शसक्तिकरण गर्ने, गराउने साथै लैङ्गिक सचेत र बालमैत्री रुपमा काम गर्ने ।[३१]

(झ) अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि संयूक्त राष्ट्र संघिय महासन्धिको सिद्धान्त अनुकुल हुने गरि कार्य गर्ने र उक्त महासन्धीलाई नेपालमा घरेलुकरण गर्दै कार्यान्वयन गराउन र प्रतिवेदन तयार गर्न नेतृत्वदायी/समन्वयकारी भूमिका निर्वाह गर्ने ।[३२]

(ञ) अवरोधमुक्त, अधिकारमा आधारित, समावेशी समाजको निर्माणका लागि संयूक्त राष्ट्र संघिय क्षेत्रीय तथा उपक्षेत्रीय विकास अवधारणालाई अवलम्बन गर्दै जाने ।[३३]

(ट) अन्तर्राष्ट्रिय अपाङ्ग जनपरिषद् (Disabled Peoples' International) को राष्ट्रिय परिषद्को रुपमा आवद्ध भई कार्य गर्ने र साझा उदेश्य रहेका विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरुसँग भातृत्वको विकास गर्दै सहयोग आदान प्रदान गर्ने ।[३४]

**६. क्रियाकलाप**

उपरोक्त मूलउद्देश्यहरु पुरा गर्नकालागि आवधिकरणनीतिक योजना निर्माण गरिकार्यन्वयनगर्ने, गराउने ।[३५]

## परिच्छेद–३
## सदस्यता

**७. सदस्यको योग्यता**

महासंघको उद्देश्य अनुकुल हुने गरि कार्य गर्ने अपाङ्गता क्षेत्रमा कार्यरत निम्न लिखित योग्यता पुगेका संस्थाहरुले महासंघको सदस्यता प्राप्त गर्न सक्नेछन् ।

(क) सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भई महासंघमा आवद्धता हुन चाहेको आ.व.सम्म अनिवार्य रुपमा नविकरण गरेको ।[३६]

(ख) समाज कल्याण परिषद्मा आवद्ध भएको ।[३७]

(ग) महासंघमा आवद्ध हुन कम्तीमा दुई आर्थिक बर्षको लेखा परिक्षण भई निरन्तर क्रियाशिल भएको ।[३८]

(घ) कम्ती २१ जना अपाङ्गता भएका व्यक्ति साधारण सदस्य भएको वा ११ जिल्लामावर्गिय संस्थागत सदस्यता रहेको ।[३९]

**८. सदस्यताको प्रकार**

---

[30]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[31]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[32]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[33]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[34]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[35]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[36]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[37]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[38]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[39]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

यस महासंघका निम्न लिखित पाँच प्रकारका सदस्यहरु रहने छन् ।

(क) **साधारण सदस्यः**यस विधानको दफा ७ वमोजिमको योग्यता पुगेका संस्थाहरुले दफा ९ को प्रक्रिया पूरा गरि साधारण सदस्य बन्न सक्नेछन् ।

(ख) **मानार्थ सदस्यः** अपाङ्गता भएका व्यक्तिहरुको हक, हित संरक्षणमा विशिष्ट योगदान पुऱ्याएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था वा व्यक्तिलाई कार्यसमितिले निर्णय गरी मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(ग) **सल्लाहकार सदस्यः** महासंघको कार्य सम्पादनमा विशेष सल्लाह र सहयोग दिन सक्ने भनि कार्यसमितिले ठहर गरेका संस्था वा व्यक्तिलाई सल्लाहकार सदस्यता प्रदान गर्न सकिने छ ।

(घ) **सहयोगी सदस्यः** महासंघलाई कुनै प्रकारले मद्दत गर्न चाहने राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्था र सेवा सुविधा प्रदान गर्ने एवं अपाङ्गता अधिकारका शुभेच्छुक संघ संस्थाहरुलाई कार्य समितिले सहयोगी सदस्यता प्रदान गर्न सक्नेछ ।

**(ङ) संस्थापक सदस्यः** संस्थापक सदस्य भन्नाले महासंघ दर्ता हुँदाका बखतको विधानमा हस्ताक्षर गर्ने संस्था भन्ने बुझ्नुपर्दछ ।[४०]

## ९. सदस्यताको प्राप्ती र नविकरण

(१) दफा ७ को योग्यता पुगेका संस्थाहरुले दफा ८ क बमोजिमको महासंघको सदस्यता प्राप्त गर्न केन्द्रीय कार्यसमिति समक्ष आवश्यक कागजात सहित आवेदन गर्नुपर्नेछ । दफा ८ क बमोजिमको सदस्यताका लागि सम्वन्धित क्षेत्रीय समितिको सिफारिस समेत समावेश गर्नु पर्नेछ । कार्यसमितिले सदस्यता प्रदान गर्ने निर्णय गरेमा,

(क) दफा ८ क बमोजिमको सदस्यता प्राप्त गर्न प्रवेश शुल्क बापत रु. १०००/– र बार्षिक सदस्यता शुल्क बापत रु. ५००/– तिर्नु पर्नेछ ।[४१]

(२) दफा ९ (१) अनुसार सदस्यता प्राप्त गरेका संस्थाहरुले प्रत्येक वर्ष देहाय बमोजिमको प्रक्रिया पूरागरि नविकरण गर्नुपर्नेछ ।

(क) महासंघमा नविकरण गर्ने आ.व.मा सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा नविकरण गरिएको प्रमाणपत्र ।

(ख) गत आ.व.को संस्थाको लेखापरिक्षण तथा प्रगति प्रतिवेदन ।

(ग) नविकरण शुल्क बापत दफा ८ क बमोजिमको सदस्यले रु. ५००/– बुझाउनु पर्ने ।[४२]

(घ) वार्षिक सदस्यता शुल्क बापत दफा ८ क बमोजिमको सदस्यले रु. ५००/– बुझाई चालु आर्थिक बर्षको पुस मसान्त भित्रमा नविकरण गरिसक्नु पर्नेछ । तर दुर्गम वा हिमाली क्षेत्रका सदस्यहरुको हकमा चालु आ. व.को चैत्र मसान्त भित्रमा नविकरण गरिसक्नु पर्नेछ । तोकिएको समयावधि भित्र नविकरण नगरे चालु आ.व. को आषाढ मसान्तसम्म रु. १००/– जरिवाना शुल्क तिरी नविकरण गर्न सकिनेछ । चालु आ.व. भित्र समेत नविकरण नगर्ने सदस्यहरुले नविकरण गर्न चाहेमा अर्को आ.व.को शुरुदेखि प्रत्येक महिनाको थप रु. १००/– का दरले हुन आउने एकमुष्ट जरिवाना सहित तोकिएको बार्षिक सदस्यता शुल्क बुझाई नविकरण गर्न सक्नेछन् । सो अवधि भित्र पनि नविकरण नगर्ने सदस्यहरुको सदस्यता अन्त्य भएको मानिने छ । सो संस्थाको सदस्यता अन्त्य

[40]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[41]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[42]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

भएपछि पुनः महासंघको सदस्यता प्राप्त गर्न चाहेमा पुनः प्रबेश शुल्क, बार्षिक सदस्यता शुल्क र छुट भएका वर्षहरुको बार्षिक सदस्यता शुल्क समेत बुझाई केन्द्रीय कार्यसमिति समक्ष सदस्यता निरन्तरताको लागि आवदेन गर्नु पर्नेछ । यस सम्वन्धमा केन्द्रीय कार्यसमितिको निर्णय नै अन्तिम हुनेछ ।[४३]

**१०. सदस्यताको समाप्ती र निलम्बन**

निम्न लिखित अवस्थामा महासंघको सदस्यता समाप्त हुने छ ।

(क) महासंघको आवद्धता फिर्ता गर्न चाहेमा कार्यसमितिको निर्णय सहित आवेदन गरेमा र सो आवेदन महासंघको केन्द्रीय कार्यसमितिबाट स्वीकृत भएमा ।

(ख) संस्थागत सदस्यको विघटन भएमा ।

(ख१) संस्थाको विलय भएमा, तर यस अवस्थामा फरक नामबाट सदस्यता निरन्तर गर्न चाहेमा महासंघको केन्द्रीय कार्यसमितिको निर्णयले सदस्यतालाई निरन्तरता दिन सक्नेछ ।[४४]

(ग) महासंघको हित विपरित कार्य गरेमा कार्यसमितिले तोकिएको अवधिसम्म त्यस्तो सदस्यको सदस्यता निलम्वन गर्न सक्नेछ । तर यस्तो निर्णय साधारण सभाको ७५ प्रतिशत बहुमतबाट अनुमोदन गराउनु पर्नेछ ।

(घ) गोपनियता भङ्ग गरेको प्रमाणित भएमा । तर यस उपधारा प्रयोजनको लागि सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट बन्चित गराइने छैन ।

## परिच्छेद – ४
## राष्ट्रिय, क्षेत्रीय, जिल्ला सभा वा साधारण सभा

**११. राष्ट्रिय साधारण सभाको गठन, प्रतिनिधिको व्यवस्था तथा काम, कर्तव्य र अधिकार**

(१) प्रत्येक वर्ष गरिने केन्द्रीय साधारण सभालाई राष्ट्रिय साधारण सभा मानिने छ र प्रत्येक तीन तीन वर्षमा गरिने केन्द्रीय साधारण सभालाई राष्ट्रिय महाअधिवेशन मानिने छ । जसमा देहाय बमोजिमको प्रतिनिधिको व्यवस्था रहने छ ।

(क) महासंघको सदस्य संस्थाहरु मध्येबाट आफ्नो मताधिकार प्राप्त अपाङ्गता भएका साधारण सदस्यहरु वा संस्थागत साधारण सदस्यहरुको संख्याको आधारमा प्रतिनिधित्व गराइनेछ । जस अनुसार कम्तीमा २१ जनासम्म व्यक्तिगत साधारण सदस्य भएको वा ११ वटासम्म संस्थागत सदस्य भएको र कार्यसमितिमा बहुमत अपाङ्गता भएका व्यक्तिहरु रहेको संस्थाबाट १ जना र कार्यसमितिमा शतप्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेको संस्थाबाट २ जना । यस प्रयोजनको लागि कुनै साधारण सदस्य दुई वा सो भन्दा बढी संस्थाको साधारण सदस्य भएको अवस्थामा निजले इच्छाएको एक संस्थामा मात्र साधारण सदस्य कायम गरी अन्य संस्थाहरुको हकमा निजलाई संलग्न सदस्य मानिने छ र संलग्न सदस्यलाई प्रतिनिधित्व कायम गर्दा गणना गरिने छैन । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु र पूर्णअशक्त अपाङ्गता भएका व्यक्तिहरुको हकमा अभिभावकलाई प्रतिनिधित्वको अधिकार रहने छ ।[४५]

---

[43] तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[44] तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[45] तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

(ख) केन्द्रीय कार्यसमितिका सबै सदस्यहरु, तर केन्द्रीय कार्यसमितिका सदस्यहरुले मताधिकार प्रयोग गर्न र उम्मेदवार बन्न सम्बन्धित संस्थाबाट प्रतिनिधित्व भएर आउनु पर्नेछ ।[४६]

(ग) केन्द्रीय कार्यसमितिले आवश्यक ठहऱ्याएमा लब्धप्रतिष्ठीत, छुटेका अपाङ्गताका बर्ग, विज्ञता हासिल गरेका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट कम्तीमा २ महिला सहित ५ जना साधारण सभामा मताधिकार सहित मनोनयन गर्न सक्नेछ ।[४७]

(घ) दफा ८ ख, ग, र घ बमोजिमको सदस्यबाट केन्द्रीय कार्यसमितिले आवश्यक ठहऱ्याएका कुनैपनि सदस्यलाई मताधिकार नरहने गरि पर्यवेक्षकको रुपमा साधारण सभामा आमन्त्रण गर्न सकिनेछ ।

**(२) राष्ट्रिय साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

महाधिवेशनको रुपमा प्रत्येक ३ बर्षमा हुने राष्ट्रिय साधारण सभा नै महासंघको सर्वोच्च निकाय हुनेछ । जसले केन्द्रिय कार्यसमितिको निर्वाचन गर्नेछ ।

(क) विगतको प्रगति प्रतिवेदन तथा आय व्यय विवरण माथि छलफल गरी पारित गर्ने ।

(ख)महासंघको नीति तथा निर्णयहरु निर्धारण गर्ने तथा केन्द्रीय कार्यसमितिलाई निर्देशन दिने ।

(ग) संस्थाको भावी कार्यक्रम र अनुमानित बजेट पारित गर्ने ।

(घ) लेखापरीक्षकको नियुक्ति गर्ने ।

(ङ) विधान संशोधन गर्ने ।

**११. क) क्षेत्रिय साधारण सभाको गठन, प्रतिनिधिको व्यवस्था तथा काम कर्तब्य र अधिकार**

१. क्षेत्रिय साधारण सभा प्रत्येक वर्ष आयोजना गरिने छ । प्रत्येक तीन तीन वर्षमा गरिने क्षेत्रीय साधारण सभालाई क्षेत्रीय अधिवेशन मानिने छ ।

(क) जसमा सम्बन्धित क्षेत्रको सदस्य संस्थाहरु मध्येबाट आफ्नो मताधिकार प्राप्त अपाङ्गता भएका साधारण सदस्यहरु संख्याको आधारमा प्रतिनिधित्व गराइनेछ । जस अनुसार कम्तीमा २१ जनासम्म व्यक्तिगत साधारण सदस्य भएको र कार्यसमितिमा बहुमत अपाङ्गता भएका व्यक्तिहरु रहेको संस्थाबाट १ जना र कार्यसमितिमा शतप्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेको संस्थाबाट २ जना । यस प्रयोजनको लागि कुनै साधारण सदस्य दुई वा सो भन्दा बढी संस्थाको साधारण सदस्य भएको अवस्थामा निजले इच्छाएको एक संस्थाको मात्र साधारण सदस्य कायम गरी अन्य संस्थाहरुको हकमा निजलाई संलग्न सदस्य मानिने छ र संलग्न सदस्यलाई प्रतिनिधित्व कायम गर्दा गणना गरिने छैन । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु र पूर्णअशक्त अपाङ्गता भएका व्यक्तिहरुको हकमा अभिभावकलाई प्रतिनिधित्वको अधिकार रहने छ ।[४८]

(ख) क्षेत्रीय कार्यसमितिका सबै सदस्यहरु, तर क्षेत्रीय कार्यसमितिका सदस्यहरुले मताधिकार प्रयोग गर्न र उम्मेदवार बन्न सम्बन्धित संस्थाबाट प्रतिनिधित्व भएर आउनु पर्नेछ ।

(ग) क्षेत्रीय कार्यसमितिले आवश्यक ठहऱ्याएमा लब्धप्रतिष्ठीत, छुटेका अपाङ्गताका बर्ग, विज्ञता हासिल गरेका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट बढीमा ३ जना (जस मध्ये कम्तीमा ३३% महिला सहित बर्गीय र सामाजिक समावेशीकरणको प्राथमिकतालाई ध्यान दिनुपर्नेछ ।)[४९]

---

[46]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

[47]तेस्रो संशोधन २०६७ द्वारा थप ।

[48]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

[49]तेस्रो संशोधन २०६७ द्वारा थप ।

**(२) क्षेत्रीय साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) विगतको प्रगति प्रतिवेदन तथा आय व्यय विवरण माथि छलफल गरी पारित गर्ने ।[५०]

(ख)महासंघको नीति तथा निर्णयहरु पालना गर्न आवश्यक निर्णय गर्ने तथा क्षेत्रीय कार्यसमितिलाई निर्देशन दिने ।[५१]

(ग) क्षेत्रको भावी कार्यक्रम र अनुमानित बजेट पारित गर्ने ।[५२]

(ङ) क्षेत्रीय अधिवेशनको रुपमा प्रत्येक ३ बर्षमा हुने क्षेत्रीय साधारण सभाले क्षेत्रीय कार्यसमितिको निर्वाचन गर्नेछ ।[५३]

**११. ख) जिल्ला साधारण सभाको गठन, प्रतिनिधिको व्यवस्था तथा काम, कर्तब्य र अधिकार**[५४]

**१) जिल्ला साधारण सभा प्रत्येक वर्ष आयोजना गरिने छ । प्रत्येक तीन तीन वर्षमा गरिने जिल्ला साधारण सभालाई जिल्ला अधिवेशन मानिने छ ।**

(क) जिल्लास्थित सदस्य संस्थाहरु मध्येबाट आफ्नो मताधिकार प्राप्त अपाङ्गता भएका साधारण सदस्यहरुको संख्याको आधारमा प्रतिनिधित्व गराइनेछ । जस अनुसार कम्तीमा २१ जनासम्म साधारण सदस्य भएको र कार्यसमितिमा बहुमत अपाङ्गता भएका व्यक्तिहरु रहेको संस्थाबाट १ जना र कार्यसमितिमा शतप्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेको संस्थाबाट २ जना । तर चार वा सो भन्दा कम सदस्य संस्था रहेको जिल्लाको हकमा प्रत्येक संस्थाबाट बढीमा ३३% महिला रहनेगरि ७ जना अपाङ्गता भएका व्यक्तिहरु जिल्ला साधारण सभाको प्रतिनिधिको रुपमा रहन सक्नेछन् ।

यस प्रयोजनको लागि कुनै साधारण सदस्य दुई वा सो भन्दा बढी संस्थाको साधारण सदस्य भएको अवस्थामा निजले इच्छाएको एक संस्थाको मात्र साधारण सदस्य कायम गरी अन्य संस्थाहरुको हकमा निजलाई संलग्न सदस्य मानिने छ र संलग्न सदस्यलाई प्रतिनिधित्व कायम गर्दा गणना गरिने छैन । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु र पूर्णअशक्त अपाङ्गता भएका व्यक्तिहरुको हकमा अभिभावकलाई प्रतिनिधित्वको अधिकार रहने छ ।

(ख) जिल्ला कार्यसमितका सबै सदस्यहरु, तर जिल्ला कार्यसमितिका सदस्यहरुले मताधिकार प्रयोग गर्न र उम्मेदवार बन्न सम्बन्धित संस्थाबाट प्रतिनिधित्व भएर आउनु पर्नेछ ।

(ग) प्रत्येक गाउँ ईकाइ समितिबाट एक जना परिवेक्षकका रुपमा सहभागि गराउन सकिनेछ । परिवेक्षकले चुनावी प्रकृयामा भाग लिन पाउने छैन ।

(घ) जिल्ला कार्यसमितिले आवश्यक ठहऱ्याएमा लब्धप्रतिष्ठीत, छुटेका अपाङ्गताका बर्ग, विज्ञता हासिल गरेका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट बढीमा २ जना (जस मध्ये कम्तीमा १ महिला सहित बर्गीय र सामाजिक समावेशीकरणको प्राथमिकतालाई ध्यान दिनु पर्नेछ ।)

**(२) जिल्ला साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**[५५]

(क) विगतको प्रगति प्रतिवेदन तथा आय व्यय विवरण माथि छलफल गरी पारित गर्ने ।

(ख)महासंघको नीति तथा निर्णयहरु पालना गर्न आवश्यक निर्णय गर्ने तथा जिल्ला कार्यसमितिलाई निर्देशन

---

[50]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

[51]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

[52]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

[53]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

[54]तेस्रो संशोधन २०६७ द्वारा थप ।

[55]तेस्रो संशोधन २०६७ द्वारा थप ।

दिने ।

(ग) जिल्लाको भावी कार्यक्रम र अनुमानित बजेट पारित गर्ने ।

(घ) जिल्लाभित्र रहेका गा.वि.स.हरुमा अपाङ्गता भएका व्यक्तिहरुको गाँऊ इकाई समिति गठन गरि परिचालन गर्ने ।

(ङ) जिल्ला अधिवेशनको रुपमा प्रत्येक ३ बर्षमा हुने जिल्ला साधारण सभाले जिल्ला कार्यसमितिको निर्वाचन गर्नेछ ।

**१२) विशेष साधारण सभा**[५६]

महासंघको केन्द्रीय कार्यसमितिले अत्यावश्यक ठानेको विषयमा सर्वोच्च निकायबाट तत्काल निणर्य लिनु पर्ने भएमा वा राष्ट्रिय महत्वको कुनै विषयमा तत्काल निर्णय गर्नुपर्ने अवस्था भएमा कार्यसमितिले जुनसुकै बेला विशेष साधारण सभा बोलाउन सक्नेछ र देहाय बमोजिमका असाधारण अवस्थामा महासंघको विशेष साधारण सभा आयोजना गर्न सकिनेछ ।

क) महासंघमा नियमित नविकरण गराएका दफा ८ क बमोजिमका सदस्यहरु मध्ये एक तिहाई सदस्यहरुले विशेष साधारण सभा बोलाउन कारण सहित लिखित अनुरोध गरेमा अध्यक्षले उक्त अनुरोध गरेको मितिले ३५ दिनभित्र विशेष साधारण सभा हुने गरि मिति, स्थान, समय र छलफल हुने विषय सहित कम्तीमा १५ दिन अगावै सूचना गर्नु पर्दछ ।

ख) विशेष साधारण सभामा अध्यक्षको स्वीकृति बिना तोकिएको विषय बाहेक अन्य विषयमा छलफल गर्न पाइने छैन ।

ग) एक पटक विशेष साधारण सभा भएको मितिले कम्तीमा ६ महिनासम्म सोही विषयमा पुनः विशेष साधारण सभा बोलाउन पाइने छैन ।

घ) सम्वन्धित क्षेत्रीय वा जिल्ला विशेष साधारण सभाको हकमा सोही क्षेत्र वा जिल्लामा आवद्ध नियमित नविकरण गराएका दफा ८ क बमोजिमका एक तिहाई सदस्यहरुले विशेष साधारण सभाको माग गर्न सक्नेछन् ।

## परिच्छेद – ५

## केन्द्रीय कार्यसमिति, क्षेत्रीय कार्यसमिति र जिल्ला कार्यसमितिको गठन तथा काम, कर्तव्य र अधिकार

### १३.केन्द्रीय कार्यसमितिको गठन तथा काम, कर्तव्य र अधिकार

**(१) केन्द्रीय कार्य समितिको गठन**

निर्वाचित एवं यसै दफाको उपदफा ३ मा व्यवस्था गरिए अनुसारका गरि २५ सदस्यीय केन्द्रीय कार्यसमिति गठन हुनेछ ।[५७] राष्ट्रिय महाधिवेशनले मताधिकार प्राप्त राष्ट्रिय साधारण सभाका सदस्यहरु मध्येबाट १ जना अध्यक्ष, र २३ जना केन्द्रीय सदस्यहरु देहायको प्रतिनिधित्व रहने गरि निर्वाचन गर्नेछ ।

(क)शारीरिक अपाङ्गताबाट १ जना महिला सहित :............. २ जना

(ख) दृष्टी सम्वन्धि अपाङ्गताबाट १ जना महिला सहित :............. २ जना

(ग) सुनाई सम्वन्धी अपाङ्गताबाट १ जना महिला सहित : ........... २ जना

(घ) बौद्धिक अपाङ्गताको अभिभावकबाट १ जना महिला सहित : ......२ जना

(ङ) श्रवणदृष्टीविहिनको अभिभावक र वाक् अपाङ्गताबाट १ जना महिला सहित................२ जना[५८]

[56]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

[57]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

(च) अति अशक्त अपाङ्गता मध्येबाट शारिरिक अपाङ्गता, दृष्टी सम्वन्धि अपाङ्गता, सुनाई सम्वन्धी अपाङ्गता र बौद्धिक अपाङ्गताको क्षेत्रबाट कम्तीमा १ जना महिला पर्ने गरि एकल संक्रमणिय मतका आधारमा .............३ जना[५९]

(छ) सामाजिक तथा भौगोलिक समावेशीकरणका आधारमा दलित, जनजाती, मधेसी, दुर्गम क्षेत्र, मुस्लिम समुदायबाट कम्तीमा १ जना महिला पर्ने गरि एकल संक्रमणिय मतका आधारमा ......................................३ जना[६०]

(ज)नयाँ तथा बर्गिकरणमा छुट भएको अपाङ्गताको बर्ग मध्ये कुष्ठप्रभाव, मांसपेशी विचलन, होचा पुड्का, हेमोफेलिया, सेरेबल पाल्सि आदिबाट कम्तीमा १ जना महिला पर्ने गरि एकल संक्रमणिय मतका आधारमाः............................२ जना[६१]

(झ) प्रत्येक क्षेत्रबाट निर्वाचित केन्द्रीय सदस्यहरुः.................... ५ जना

(२) **निर्वाचित सदस्यहरु** मध्येबाट कम्तीमा १ जना महिलापर्ने गरि देहाय बमोजिमका पदाधिकारीहरु रहेको केन्द्रीय कार्य समिति गठन गरीनेछ ।[६२]

(क) उपाध्यक्षः ................................ १

(ख) महासचिवः ................................... १

(ग) सचिवः ................................ १

(घ) कोषाध्यक्षः .................................. १

३)निवर्तमान अध्यक्ष केन्द्रीय कार्यसमितिको पदेन सदस्य रहने छ ।[६३]

४) कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यकाल ३ वर्षको हुनेछ ।

५) महासंघको कार्यसमितिको अध्यक्ष, महासचिव र कोषाध्यक्ष पदमा निर्वाचित पदाधिकारी महासंघको कुनैपनि सदस्य संस्थाको अध्यक्ष,महासचिववाकोषाध्यक्ष मध्ये कुनै पनि पदमा बहाल रहन पाइने छैन ।[६४]

६) एकै व्यक्ति २ पटक भन्दा बढी लगातार एउटै पदमा उम्मेदवार हुन पाउने छैन । यस उपधाराको प्रयोजनको लागि पद भन्नाले अध्यक्ष, उपाध्यक्ष महासचिव, सचिव र कोषाध्यक्षलाई जनाउनेछ । यो व्यवस्था निर्वाचित भई कार्य प्रारम्भ गरेको हकमा मात्र लागु हुनेछ ।[६५]

७)एक सदस्य संस्थाबाट १ जना मात्र उम्मेदवार हुन पाउने छ ।

८) कार्य समितिको बैठक दुई साधारण सभाको बीचमा कम्तीमा ४ पटक बस्नेछ । अध्यक्षको सल्लाह बमोजिम बैठकमा छलफल गरिने विषयबस्तु, मिति र स्थान खुलाई सदस्यहरुलाई ७ दिन अगावै महासचिवले लिखित सूचना गर्नु पर्नेछ । कार्य समितिको निर्णयहरु अभिलेखिकरण गरि महासचिवले

---

[58]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[59]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[60]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[61]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[62]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[63]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[64]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[65]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

राख्नु पर्नेछ ।[६६]

**९) केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**[६७]

क) राष्ट्रिय साधारण सभाको नीति, निर्देशन तथा निर्णय कार्यान्वयन गर्ने ।

ख) केन्द्रीय कार्य सम्पादन समितिको गठन गर्ने र अधिकार प्रत्यायोजन सहित आवश्यक निर्देशन दिने ।

ग) कार्य समितिको कुनै पद रिक्त भएमा अर्को साधारण सभा नभएसम्मको लागि कार्य समितिले आवश्यक ठानेमा केन्द्रीय सभासद्हरु मध्येबाट जुन वर्गको पद रिक्त भएको हो सोहि वर्गबाट पदपूर्ति गर्ने ।

घ) महासंघको लागिआवश्यक कर्मचारी नियूक्त गर्ने रउनीहरुको पारिश्रमिकतथासेवा शर्त निर्धारण गर्ने ।

ङ) महासंघको उद्देश्य परिपूर्तिको लागि कार्यक्रम तर्जुमा तथा सम्पादन गर्ने ।

च) महासंघको कार्य सम्पादन गर्न आवश्यक नियम, विनियमहरु तर्जुमा एवं कार्यान्वयन गर्ने ।

छ) निश्चित अभियान संचालन गर्न कार्यसमितिको सदस्य वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने ।

ज) महासंघको उद्देश्य पूर्तिका लागि महासंघका सदस्यहरु मध्येबाट विभिन्न विभाग, समिति तथा उप–समितिहरु गठन गर्ने ।

झ) महाधिवेशनका लागि निर्वाचन समितिको गठन गर्ने ।

ञ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

**१३. क)क्षेत्रीय कार्यसमितिको गठन तथा काम, कर्तव्य र अधिकार**

**(१) क्षेत्रीय कार्य समितिको गठन**[६८]

निर्वाचित बढीमा १५ सदस्यीय क्षेत्रीय कार्यसमिति गठन हुनेछ । क्षेत्रीय अधिवेशनले मताधिकार प्राप्त क्षेत्रीय सभाका सदस्यहरु मध्येबाट १ जना अध्यक्ष र बढीमा १४ जना सदस्यहरु देहायको प्रतिनिधित्व रहने गरि निर्वाचन गर्नेछ ।

(क) शारीरिक अपाङ्गताबाट १ जना महिला सहित :..................... २ जना

(ख) दृष्टी सम्वन्धि अपाङ्गताबाट १ जना महिला सहित : ................... २ जना

(ग) सुनाई सम्वन्धी अपाङ्गताबाट १ जना महिला सहित : .................. २ जना

(घ)बौद्धिक अपाङ्गताको अभिभावकबाट १ जना महिला सहित : ............ २ जना

(ङ) अति असक्त अपाङ्गता मध्येबाट शारिरिक अपाङ्गता, दृष्टी सम्वन्धि अपाङ्गता, सुनाई सम्वन्धी अपाङ्गता, र बौद्धिक अपाङ्गताको क्षेत्रबाट कम्तीमा १ जना महिला पर्ने गरि एकल संक्रमणिय मतका आधारमाः ..............................................३ जना [६९]

(च) सामाजिक तथा भौगोलिक समावेशीकरणका आधारमा दलित, जनजाती, मधेसी, दुर्गम क्षेत्र, मुस्लिम समुदायबाट कम्तीमा १ जना महिला पर्ने गरि एकल संक्रमणिय मतका आधारमाः ...............२ जना[७०]

(छ) नयाँ तथा बर्गिकरणमा छुट भएको अपाङ्गताको वर्ग मध्ये कुष्ठप्रभाव, मांसपेशी विचलन, होचा पुड्का, वाक् अपाङ्गता, श्रवणदृष्टी विहिन, हेमोफेलिया,सेरेबल पाल्सि आदिबाट एकल संक्रमणिय मतका

[66]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[67]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[68]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[69]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[70]तेस्रो संशोधन २०६७ द्वारा थप ।

आधारमाः ..................................१ जना[७१]

(२) निर्वाचित सदस्यहरु मध्येबाट कम्तीमा १ जना महिला पर्ने गरि देहाय बमोजिमका पदाधिकारीहरु रहेको क्षेत्रीय कार्य समिति गठन गरीने छ ।[७२]

(क) उपाध्यक्षः .......................... १

(ख) सचिवः .......................... १

(ग) सह–सचिवः .................. १

(घ) कोषाध्यक्षः ................... १

३) कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यकाल ३ वर्षको हुनेछ ।

४) एक सदस्य संस्थाबाट १ जना मात्र उम्मेदवार हुन पाउनेछ ।

५) कार्य समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नु पर्नेछ । अध्यक्षको सल्लाह बमोजिम बैठकमा छलफल गरिने विषयबस्तु, मिति र स्थान खुलाई सदस्यहरुलाई ७ दिन अगावै सचिवले सूचना गर्नु पर्नेछ । कार्य समितिको निर्णयहरु अभिलेखिकरण गरि सचिवले राख्नु पर्नेछ ।

**६) क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) क्षेत्रीयअधिवेशन वा साधारण सभाको नीति, निर्देशन तथा निर्णय कार्यान्वयन गर्ने ।[७३]

ख) क्षेत्रीय कार्य सम्पादन समितिको गठन गर्ने र अधिकार प्रत्यायोजन सहित आवश्यक निर्देशन दिने ।

ग) कार्य समितिको कुनै पद रिक्त भएमा अर्को साधरण सभा नभएसम्मको लागि कार्य समितिले आवश्यक ठानेमा क्षेत्रीय सभासद्हरु मध्येबाट जुन वर्गको पद रिक्त भएको हो सोहि वर्गबाट पदपूर्ति गर्ने ।[७४]

घ) क्षेत्रीय कार्य सम्पादनका लागि आवश्यक कर्मचारी नियूक्त गर्ने र उनीहरुको पारिश्रमीक तथा सेवा शर्त निर्धारण गर्ने ।[७५]

ङ) निश्चित अभियान संचालन गर्न कार्यसमितिको सदस्य वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने ।[७६]

च) महासंघको उद्देश्य पूर्तिका लागि क्षेत्रीय सदस्यहरु मध्येबाट विभिन्न समिति तथा उप–समितिहरु गठन गर्ने ।[७७]

छ) क्षेत्रीय अधिवेशनका लागि केन्द्रिय समितिको समन्वयमा निर्वाचन समितिको गठन गर्ने ।[७८]

(ज) केन्द्रीय/कार्य सम्पादन समितिबाट निर्देशन गरिएका कार्य सम्पादन गर्ने ।

झ) महासंघ, क्षेत्र र जिल्लाका संस्थाहरुमा समन्वय कायम गर्ने ।

ञ) क्षेत्रीय र जिल्लाका संस्थाहरुको कार्य प्रगति बारे केन्द्रमा जानकारी गराउने ।

ट) मातहतका संस्था र समितिको दक्षता अभिवृद्धिमा प्रयत्नशील रहने ।

ठ) आ–आफनो क्षेत्रमा महासंघको सदस्यता प्राप्त गर्न चाहने संस्थाहरुको दफा७ बमोजिम छानबिन गरि केन्द्रमा सिफारिस गर्ने साथै नविकरण गर्दा सम्बन्धीत जिल्ला प्रशासन कार्यलयमा नविकरण भएका

---

[71] तेस्रो संशोधन २०६७ द्वारा थप ।
[72] तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[73] तेस्रो संशोधन २०६७ द्वारा थप ।
[74] तेस्रो संशोधन २०६७ द्वारा थप ।
[75] तेस्रो संशोधन २०६७ द्वारा थप ।
[76] तेस्रो संशोधन २०६७ द्वारा थप ।
[77] तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[78] तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

संस्थाहरुको मात्र नविकरण गर्ने र नविकरण बापत प्राप्त शुल्कको ९० प्रतिशत क्षेत्रमा राखी १० प्रतिशत आर्थिक बर्षको अन्त्य वा नविकरण गर्ने म्याद भित्र केन्द्रमा दाखिला गर्ने ।

(ड) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।[७९]

**१३. ख) जिल्ला कार्यसमितिको गठन तथा काम, कर्तव्य र अधिकार**[८०]

**(१) जिल्ला कार्य समितिको गठन**

निर्वाचित बढीमा ११ सदस्यीय जिल्ला कार्यसमिति गठन हुनेछ । जिल्ला अधिवेशनले मताधिकार प्राप्त जिल्ला सभाका सदस्यहरु मध्येबाट १ जना अध्यक्ष र बढीमा १० जना सदस्यहरु देहायको प्रतिनिधित्व रहने गरि निर्वाचन गर्नेछ ।

(क) शारीरिक अपाङ्गताबाट :........१ जना

(ख) दृष्टी सम्वन्धि अपाङ्गताबाट :.........१ जना

(ग) सुनाई सम्वन्धी अपाङ्गताबाट : ........१ जना

(घ)बौद्धिक अपाङ्गताको अभिभावकबाट : ........१ जना

(ङ) अतिअशक्त अपाङ्गता, सामाजिक तथा भौगोलिक समावेशीकरणका आधारमा दलित, जनजाती, मधेसी, दुर्गम क्षेत्र, मुस्लिम समुदाय, नयाँ तथा बर्गिकरणमा छुट भएको अपाङ्गताको बर्ग मध्ये कुष्ठप्रभाव, मांसपेशी विचलन, होचा पुड्का, वाक् अपाङ्गता, श्रवणदृष्टी विहिन, हेमोफेलिया, सेरेबल पाल्सि आदिबाट कम्तीमा ५० प्रतिशत महिला रहने गरि एकल संक्रमणिय मतका आधारमा ........ ६ जना

(२)निर्वाचित सदस्यहरु मध्येबाट कम्तीमा १ जना महिलापर्ने गरि देहाय बमोजिमका पदाधिकारीहरु रहेको जिल्ला कार्य समिति गठन गरीने छ ।

(क) उपाध्यक्षः .... १जना ।

(ख) सचिवः ..... १जना ।

(ग) सह–सचिवः ........ १जना ।

(घ) कोषाध्यक्षः ...... १जना ।

३) कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यकाल ३ वर्षको हुनेछ ।

४)महासंघका जिल्लास्थित सदस्यहरुको प्रतिनिधित्व सकेसम्म बढी गराउनु पर्नेछ ।

५) कार्य समितिको बैठक कम्तीमा त्रैमासिक रुपमा बस्नु पर्नेछ । अध्यक्षको सल्लाह बमोजिम बैठकमा छलफल गरिने विषयबस्तु, मिति र स्थान खुलाई सदस्यहरुलाई सचिवले सूचना गर्नु पर्नेछ र निर्णयहरु अभिलेखिकरण गरि राख्नु पर्नेछ ।

६) जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) जिल्ला अधिवेशनवा साधारण सभाको नीति, निर्देशन तथा निर्णय कार्यान्वयन गर्ने ।

ख) जिल्ला कार्य सम्पादन समितिको गठन गर्ने र अधिकार प्रत्यायोजन सहित आवश्यक निर्देशन दिने ।

ग) कार्य समितिको कुनै पद रिक्त भएमा अर्को साधरण सभा नभएसम्मको लागि कार्य समितिले आवश्यक ठानेमा जिल्ला सभासद्हरु मध्येबाट जुन वर्गको पद रिक्त भएको हो सोहि वर्गबाट पदपूर्ति गर्ने ।

घ) जिल्ला कार्य सम्पादनका लागि आवश्यक कर्मचारी नियूक्त गर्ने र उनीहरुको पारिश्रमीक तथा सेवा शर्त निर्धारण गर्ने ।

ङ) निश्चित अभियान संचालन गर्न कार्यसमितिको सदस्य वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने ।

च) महासंघको उद्देश्य पूर्तिका लागि सदस्यहरु मध्येबाट विभिन्न समिति तथा उप समितिहरु गठन गर्ने ।

---

[79]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

[80]तेस्रो संशोधन २०६७ द्वारा थप ।

छ) जिल्ला अधिवेशनका लागि निर्वाचन समितिको गठन गर्ने ।
(ज) माथिल्लो निकायबाट निर्देशन गरिएका कार्य सम्पादन गर्ने ।
(झ) जिल्लास्थित नगरपालिका, जि.वि.स. र अपाङ्गता क्षेत्रमा कार्यरत सरोकारवाला संस्थाहरुसँग समन्वय गरि कार्य गर्ने ।
(ञ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

**१४. कार्य सम्पादन समितिको व्यवस्था**

महासंघको केन्द्रीय, क्षेत्रिय, र जिल्लास्तरिय कार्य सम्पादनको लागि देहाय बमोजिमको कार्य सम्पादन समितिका[८१] व्यवस्था गरिनेछ ।

(१) **केन्द्रीय कार्य सम्पादन समितिः**

महासंघको केन्द्रीय कार्यालयको दैनिक कार्य सम्पादनमा सहजता ल्याउन अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र निर्देशक अनिवार्य रुपमा रहने तथा कम्तीमा २ जना महिला पर्ने गरि ७ सदस्यीय **केन्द्रीयकार्य सम्पादन समिति**को गठन गरिनेछ । केन्द्रीय कार्य समितिका २ नियमित बैठकहरुको बीचमा कार्य सम्पादन समितिले गरेका निर्णयहरु कार्यसमितिको बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) **क्षेत्रीय कार्य सम्पादन समितिः**[८२]

महासंघको क्षेत्रीय कार्यालयको दैनिक कार्य सम्पादनमा सहजता ल्याउन अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र क्षेत्रीय संयोजक अनिवार्य रुपमा रहने तथा कम्तीमा १ जना महिला पर्ने गरि ५ सदस्यीय क्षेत्रीय कार्य सम्पादन समितिको गठन गरिनेछ । क्षेत्रियकार्य समितिका २ नियमित बैठकहरुको बीचमा कार्य सम्पादन समितिले गरेका निर्णयहरु कार्यसमितिको बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(३) **जिल्ला कार्य सम्पादन समितिः**[८३]

महासंघको जिल्ला कार्यालयको दैनिक कार्य सम्पादनमा सहजता ल्याउन अध्यक्ष, सचिव, कोषाध्यक्ष रहेको ३ सदस्यीय जिल्ला कार्य सम्पादन समितिको गठन गरिनेछ । जिल्ला कार्य समितिका २ नियमित बैठकहरुको बीचमा कार्य सम्पादन समितिले गरेका निर्णयहरु कार्यसमितिको बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

**१५) गणपुरक संख्या**

महासंघको विभिन्न निकायहरुको गणपुरक संख्या देहाय बमोजिम हुनेछ ।
क) राष्ट्रिय साधारण सभाको गणपुरक संख्या सो सभाका लागि कायम प्रतिनिधिहरुको कुल संख्याको ६०% लाई मानिनेछ । सो बाहेकका अन्य मातहतका सभा वा साधारण सभाको गणपुरक संख्या सो सभाका लागि कायम प्रतिनिधिहरुको कुल संख्याको सामान्य बहुमतलाई मानिनेछ ।[८४]
ख) तोकिएको मिति र समयमा गणपुरक संख्या नपुगेमा साधारण सभा रोकी ९० दिन भित्रमा दोस्रो पटक

[81]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[82]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[83]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[84]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

साधारण सभा बोलाउनु पर्नेछ । सो दिनमा पनि गणपुरक संख्या नपुग भएमा उपस्थित संख्यालाई नै गणपुरक संख्या मानी सभा संचालन गर्न सकिने छ । मातहतका साधारण सभाहरुमा समेत सोही व्यवस्था लागु हुनेछ ।[८५]

ग) विशेष साधारण सभाको हकमा गत साधारण सभामा कायम भएको प्रतिनिधिलाई नै सदस्य मानि सो संख्याको ६०% लाई गणपुरक संख्या मानिनेछ ।[८६]

घ) केन्द्रीय, क्षेत्रिय, जिल्ला कार्य समितिहरु एवं उक्त निकायका कार्य सम्पादन समितिहरुका कार्यसमितिको बैठकको गणपुरक संख्या तत्काल कायम रहेको कुल सदस्यहरुको सामान्य बहुमतलाई मानिने छ ।[८७]

**१६. निर्देशक सम्वन्धि व्यवस्था**

महासंघको केन्द्रीय कार्यालयको दैनिक कार्य संचालन तथा सम्पादनका लागि १ निर्देशकको व्यवस्था गरिनेछ । निर्देशकको नियूक्ति केन्द्रीय कार्यसमितिले गर्नेछ । निजको सेवा, सुविधा कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ । निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । निर्देशक कार्यसमितिप्रति उत्तरदायी हुनेछ । यस पदलाई आवधिक पद मानिने छैन । [८८]

## परिच्छेद – ६
## केन्द्रीय, क्षेत्रिय र जिल्लास्तरीय कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१७. पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार**

**१. केन्द्रीय कार्य समितिका पदाधिकारीकाहरुको काम, कर्तव्य र अधिकारः**

**क) अध्यक्ष**

अ) महासंघको प्रमुख भई जिम्मेवारी लिने ।

आ) महासंघको तर्फबाट विभिन्न निकायसँग सम्झौता गर्ने, गराउने र नीतिगत तहमा लेखापढी गर्ने ।[८९]

इ) कार्य समितिको बैठक बोलाउन महासचिवलाई परामर्श/निर्देशन दिने ।[९०]

ई) नीतिगत निकायमा महासंघको प्रतिनिधित्व गर्ने र सहभागिताको लागि आवश्यकता अनुसार प्रतिनिधि तोक्ने ।[९१]

उ) केन्द्रीय साधारण सभाद्वारा पारित गरिएका नीति, निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

च) राष्ट्रिय परिषद् सभा वा केन्द्रीय साधारण सभा, केन्द्रीय कार्य समिति, केन्द्रीय कार्य सम्पादन समितिको बैठकमा अध्यक्षता गर्ने र मत बराबर भएमा निर्णायक मत दिने ।

छ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

**ख) उपाध्यक्ष**

---

[85]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[86]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[87]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[88]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[89]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[90]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[91]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

अ) अध्यक्षलाई निजको काममा सहयोग गर्ने वा निजले लिखित वा मौखिक रुपले प्रत्यायोजन गरे बमोजिम कार्य गर्ने ।
आ) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्य गर्ने ।
इ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

**ग) महासचिव**

अ) साधारण सभा, कार्य समिति र कार्य सम्पादन समितिका निर्णयहरुको अभिलेख राख्ने, राख्न लगाउने र कार्यान्वयन गर्ने, गराउने ।[९२]

आ) साधारण सभामा प्रतिवेदन तथा भावी कार्यक्रम पेश गर्ने ।[९३]

इ) सदस्य संस्थाका अभिलेख दुरुस्त राख्ने ।[९४]

ई) महासंघका मातहतका निकायहरुमा संस्थागत पत्राचार गर्ने वा पत्राचार गर्न निर्देशन गर्ने ।[९५]

उ) निर्देशक लगाएत महासंघका सम्पूर्ण कर्मचारीहरुको रेखदेख गर्ने, निर्देशन दिने, कार्य सम्पादन मूल्याङकन गर्ने, कार्य विभाजन गर्ने ।[९६]

ऊ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**घ) सचिव**

अ) महासचिवलाई निजको काममा सहयोग गर्ने र निजले लिखित वा मौखिक रुपमा प्रत्यायोजन गरे बमोजिमका कार्य गर्ने ।
आ) महासचिवको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।
इ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

**ङ) कोषाध्यक्ष**

अ) आर्थिक प्रशासन प्रमुख भई आय व्ययको हिसाव राख्ने वा राख्न लगाउने ।[९७]

आ)केन्द्रीय साधारण सभा र केन्द्रीय कार्य समितिको बैठकमा आवधिक आय व्ययको प्रतिवेदन पेश गर्ने ।

इ) महासंघको बार्षिक अनुमानित बजेट तयार गरी केन्द्रीय कार्य समिति र सो मार्फत राष्ट्रिय परिषद् सभा वा केन्द्रीय साधारण सभामा पेश गर्ने ।[९८]

ई) चल अचल सम्पतिको लेखा चुस्त दुरुस्त राख्ने ।
उ) लेखा परिक्षण गराउन सहयोग गर्ने ।
ऊ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

**च) सदस्य**

---

[92]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[93]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[94]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[95]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[96]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[97]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[98]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।

अ) केन्द्रीय पदाधिकारीहरुलाई दैनिक कार्यमा सहयोग गर्ने ।

आ) केन्द्रीय कार्य समितिको बैठकमा उपस्थित भई निर्णय प्रक्रियामा सकृय सहभागि हुने ।

इ) राष्ट्रिय परिषद् वा केन्द्रीय साधारण सभा र केन्द्रीय कार्य समितिको निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने ।

ई) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

## २.क्षेत्रीय कार्य समितिका पदाधिकारीकाहरुको काम, कर्तव्य र अधिकार:[९९]

**क) अध्यक्ष**

अ) क्षेत्रीयकार्यसमितिको प्रमुख भई जिम्मेवारी बहन गर्ने ।

आ)महासंघको तर्फबाट विभिन्न क्षेत्रीयस्तरका निकायसँग केन्द्रीय अध्यक्षको लिखित स्वीकृती लिई सम्झौता गर्ने, गराउने र नीतिगत तहमा लेखापढी गर्ने

इ) क्षेत्रीयकार्य समितिको बैठक बोलाउन सचिवलाई परामर्श/निर्देशन दिने ।

ई) क्षेत्रीयस्तरकानीतिगत निकायमा महासंघको प्रतिनिधित्व गर्ने र सहभागिताको लागि आवश्यकता अनुसार प्रतिनिधि तोक्ने ।

उ) क्षेत्रीयपरिषद् सभा वा साधारण सभाद्वारा पारित गरिएका नीति, निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ऊ) क्षेत्रीयपरिषद् सभा वा साधारण सभा, क्षेत्रीय कार्य समिति, क्षेत्रीय कार्य सम्पादन समितिको बैठकमा अध्यक्षता गर्ने र मत बराबर भएमा निर्णायक मत दिने ।

ए) केन्द्रीय कार्य समिति, कार्य सम्पादन समिति र पदाधिकारीहरुले दिएको निर्देशन पालना गर्ने गराउने ।

ऐ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

**ख) उपाध्यक्ष**

अ) अध्यक्षलाई निजको काममा सहयोग गर्ने वा निजले लिखित वा मौखिक रुपले प्रत्यायोजन गरे बमोजिम कार्य गर्ने ।

आ) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्य गर्ने ।

इ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

**ग) सचिव**

अ) क्षेत्रीय परिषद् सभा वा साधारण सभा, क्षेत्रीय कार्य समिति र कार्य सम्पादन समितिका निर्णयहरुको अभिलेख राख्ने, राख्न लगाउने र कार्यान्वयन गर्ने, गराउने ।

आ) क्षेत्रीय परिषद् सभा वा साधारण सभामा प्रतिवेदन तथा भावी कार्यक्रम पेश गर्ने ।

इ) सम्वन्धित क्षेत्रका सदस्य संस्थाहरुको अभिलेख दुरुस्त राख्ने ।

ई)क्षेत्रीय च्याप्टरको दैनिक प्रशासनिक कार्य सम्पादन गर्ने ।

उ) क्षेत्रीय स्तरका कर्मचारीको रेखदेख, नियन्त्रण र परिचालन गर्ने ।

ऊ) माथिल्लो वा मातहतका निकायमा पत्राचार गर्ने वा गराउने ।

ए) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**घ) सह–सचिव**

---

[९९]तेस्रो संशोधन २०६७ द्वारा थप।

अ) सचिवलाई निजको काममा सहयोग गर्ने र निजले लिखित वा मौखिक रुपमा प्रत्यायोजन गरे बमोजिमका कार्य गर्ने ।

आ) सचिवको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

इ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

**ङ) कोषाध्यक्ष**

अ) क्षेत्रीय च्याप्टरकोआर्थिक प्रशासन प्रमुख भई आय व्ययको हिसाव राख्ने वा राख्न लगाउने ।

आ) क्षेत्रीयपरिषद् सभा वा साधारण सभा र क्षेत्रीयकार्य समितिको बैठकमा आवधिक आय व्ययको प्रतिवेदन पेश गर्ने ।

इ) क्षेत्रीय च्याप्टरको बार्षिक अनुमानित बजेट तयार गरी क्षेत्रीयकार्य समिति र सो मार्फत क्षेत्रीयपरिषद् सभा वा साधारण सभामा पेश गर्ने ।

ई) चल अचल सम्पतिको लेखा चुस्त दुरुस्त राख्ने ।

उ) लेखा परिक्षण/आन्तरिक लेखा परिक्षण गराउन सहयोग गर्ने ।

ऊ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

**च) सदस्य**

अ) क्षेत्रीय पदाधिकारीहरुलाई दैनिक कार्यमा सहयोग गर्ने ।

आ) क्षेत्रीय कार्य समितिको बैठकमा उपस्थित भई निर्णय प्रक्रियामा सकृय सहभागि हुने ।

इ) क्षेत्रीय परिषद् वासाधारण सभा र क्षेत्रीय कार्य समितिको निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने ।

ई) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

**३.जिल्ला कार्य समितिका पदाधिकारीकाहरुको काम, कर्तव्य र अधिकार:**[१००]

**क) अध्यक्ष**

अ) जिल्ला कार्यसमितिको प्रमुख भई जिम्मेवारी बहन गर्ने ।

आ) महासंघको तर्फबाट विभिन्न जिल्लास्तरका निकायसँग माथिल्लो निकायको स्वीकृती लिई सम्झौता गर्ने, गराउने र नीतिगत तहमा लेखापढी गर्ने ।

इ) जिल्ला कार्य समितिको बैठक बोलाउन सचिवलाई परामर्श/निर्देशन दिने ।

ई) जिल्लास्तरकानीतिगत निकायमा महासंघको प्रतिनिधित्व गर्ने र सहभागिताको लागि आवश्यकता अनुसार प्रतिनिधि तोक्ने ।

उ) जिल्ला परिषद् सभा वा साधारण सभाद्वारा पारित गरिएका नीति, निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ऊ) जिल्ला परिषद् सभा वा साधारण सभा, जिल्ला कार्य समिति, जिल्ला कार्य सम्पादन समितिको बैठकमा अध्यक्षता गर्ने र मत बराबर भएमा निर्णायक मत दिने ।

ए) माथिल्लो निकायका र पदाधिकारीबाट प्राप्त निर्देशन पालना गर्ने गराउने ।

ऐ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

**ख) उपाध्यक्ष**

---

[100]तेस्रो संशोधन २०६७ द्वारा थप ।

अ) अध्यक्षलाई निजको काममा सहयोग गर्ने वा निजले लिखित वा मौखिक रुपले प्रत्यायोजन गरे बमोजिम कार्य गर्ने ।
आ) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्य गर्ने ।
इ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

**ग) सचिव**
अ) जिल्ला परिषद् सभा वा साधारण सभा, जिल्ला कार्य समिति र कार्य सम्पादन समितिका निर्णयहरुको अभिलेख राख्ने, राख्न लगाउने र कार्यान्वयन गर्ने, गराउने ।
आ) जिल्ला परिषद् सभा वा साधारण सभामा प्रतिवेदन तथा भावी कार्यक्रम पेश गर्ने ।
इ) सम्वन्धित जिल्लाको सदस्य संस्थाहरुको अभिलेख दुरुस्त राख्ने ।
ई) जिल्ला च्याप्टरको दैनिक प्रशासनिक कार्य सम्पादन गर्ने ।
उ) जिल्लास्तरका कर्मचारीको रेखदेख, नियन्त्रण र परिचालन गर्ने ।
ऊ) माथिल्लो वा मातहतका निकायमा पत्राचार गर्ने वा गराउने ।
ए) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**घ) सह–सचिव**
अ) सचिवलाई निजको काममा सहयोग गर्ने र निजले लिखित वा मौखिक रुपमा प्रत्यायोजन गरे बमोजिमका कार्य गर्ने ।
आ) सचिवको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।
इ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

**ङ) कोषाध्यक्ष**
अ) जिल्ला च्याप्टरकोआर्थिक प्रशासन प्रमुख भई आय व्ययको हिसाव राख्ने वा राख्न लगाउने ।
आ) जिल्ला परिषद् सभा वा साधारण सभा र जिल्ला कार्य समितिको बैठकमा आवधिक आय व्ययको प्रतिवेदन पेश गर्ने ।
इ) जिल्ला च्याप्टरको बार्षिक अनुमानित बजेट तयार गरी जिल्ला कार्य समिति र सो मार्फत जिल्ला परिषद् सभा वा साधारण सभामा पेश गर्ने ।
ई) चल अचल सम्पतिको लेखा चुस्त दुरुस्त राख्ने ।
उ) लेखा परिक्षण/आन्तरिक लेखा परिक्षण गराउन सहयोग गर्ने ।
ऊ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

**च) सदस्य**
अ) जिल्ला पदाधिकारीहरुलाई दैनिक कार्यमा सहयोग गर्ने ।
आ) जिल्ला कार्य समितिको बैठकमा उपस्थित भई निर्णय प्रक्रियामा सकृय सहभागि हुने ।
इ) जिल्ला परिषद् वा साधारण सभा, जिल्ला कार्य समिति र कार्य सम्पादन समितिको निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने ।
ई) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

**१८) पद रिक्तता र पदपूर्तिः**

१. महासंघको विभिन्न निकायहरुका पदाधिकारी तथा सदस्यहरुको पद रिक्तता र पदपूर्तिको व्यवस्था देहाय बमोजिम हुनेछ ।

क)अध्यक्षले उपाध्यक्ष मार्फत पेश गरेको लिखित राजिनामा कार्यसमितिबाट स्वीकृत भएमा ।[१०१]

ख) अन्य पदको हकमा अध्यक्ष समक्ष दिएको लिखित राजिनामा स्वीकृत भएमा ।[१०२]

ग) प्रतिनिधित्व गराउने संस्था महासंघको सदस्य नरहेमा ।[१०३]

घ) प्रतिनिधित्व गराउने संस्थाले कार्यबाही गरि फिर्ता बोलाउन गरेको निर्णय महासंघको सम्वन्धित कार्यसमितिबाट स्वीकृत भएमा ।[१०४]

ङ) विशेष साधारण सभाले अविस्वासको प्रस्ताव पारित गरी पदमूक्त गर्ने निर्णय गरेमा ।

च) पूर्वसूचना नदिई कार्य समितिको बैठकमा लगातार ३ पटकसम्म अनुपस्थित रहेमा, तर यस उपदफाको प्रयोजनको लागि सम्वन्धित सदस्यलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

छ) महासंघको हित विपरित कार्य गरेको ठहर गरि सम्वन्धित कार्य समितिले पदमूक्तगर्ने निर्णय गरेमा, तर यस उपदफाको प्रयोजनको लागि सम्वन्धित सदस्यलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।[१०५]

ज) मृत्यु भएमा ।[१०६]

झ) फौजदारी अभियोग अदालतबाट प्रमाणित भएमा ।[१०७]

(२) अध्यक्षको पद रिक्त हुन गएमा आगामी साधारण सभासम्मको लागि उपाध्यक्षले कार्यवाहक अध्यक्षको रुपमा कार्य गर्नेछ र साधारण सभाले रिक्त पद पूर्ति गर्नेछ ।[१०८]

(३) पदाधिकारीहरुको पदरिक्त रहन गएमा बर्गिय प्रतिनिधित्व सुनिश्चित हुने गरि कार्यसमिति सदस्यहरु मध्येबाट कार्य समितिले आवश्यक पदपूर्ति गर्नेछ । कार्य समितिका सदस्यहरुको पद रिक्त भएमा तत्कालिन जिल्ला, क्षेत्रीय वा राष्ट्रिय सभाका प्रतिनिधिहरु मध्येबाट अध्यक्षको सिफारिसमा कार्यसमितिले पदपूर्ति गर्नेछ ।[१०९]

(४) समिति, उपसमिति वा विभागको कुनै पद रिक्त भएमा नियूक्ति गर्ने निकायले आवश्यक पदपूर्ति गर्न सक्नेछ ।[११०]

## परिच्छेद – ७
## आर्थिक व्यवस्था

[101]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[102]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[103]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[104]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[105]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[106]तेस्रो संशोधन २०६७ द्वारा थप।
[107]तेस्रो संशोधन २०६७ द्वारा थप।
[108]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[109]तेस्रो संशोधन २०६७ द्वारा थप।
[110]तेस्रो संशोधन २०६७ द्वारा थप ।

**१९.आर्थिक श्रोत**

(१)महासंघको नाममा आवश्यकता अनुसार विभिन्न बैंक वा वित्तिय संस्थामा खाता संचालन गर्न सकिनेछ । जसमा देहाय बमोजिमका रकमहरु रहने छन् [१११]

क) महासंघको सदस्यता शुल्कबाट जम्मा भएको रकम ।

ख) स्वदेशी वा विदेशी दातृ संस्थाबाट प्राप्त भएको रकम ।

ग) नेपाल सरकारबाट प्राप्त रकमहरु ।[११२]

घ) महासंघलाई प्राप्त हुने अन्य रकमहरु ।

(२) वैदेशिक सहायत लिनु पूर्व नेपाल सरकारको स्वीकृती लिइने छ ।[११३]

(३) महासंघका दफा ८ क बमोजिमका सदस्यहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायबाट आर्थिक सहायत प्राप्त गर्न समाज कल्याण परिषद्बाट स्वीकृत लिई महासंघलाई जानकारी गराउनु पर्नेछ ।[११४]

**२०. चल अचल सम्पतिको विवरण**

क) महासंघको चल अचल सम्पतिको अभिलेख दुरुस्त राखिने छ ।

ख) महासंघको तर्फबाट खर्च गरिंदा कार्य समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**२१. कोषको संचालन**

क) महासंघको दैनिक प्रयोजनको लागि आवश्यक रकम बाहेक अन्य रकमहरुको कारोवार महासंघको नाममा कार्य समितिले तोकेको बैंक, बैंकहरु वा वित्तिय संस्थाहरु मार्फत गरिने छ ।[११५]

ख) महासंघको नाममा खोलिएको मूल खाता अध्यक्ष र कार्य समितिले तोकेको एकजना कार्य समिति सदस्य मध्येवाट एक जना र कोषाध्यक्षको अनिवार्य हस्ताक्षर रहने गरि दुई जनाको संयूक्त हस्ताक्षरबाट संचालन गरिने छ । महासंघको नाममा रहेको कुनै साझेदार निकायसँगको परियोजनाको प्रयोजनको लागि खोलिएको बैंक खाता कोषाध्यक्ष र कार्यसमितिले तोकेको परियोजना अन्तरगतका जिम्मेवार कर्मचारीको संयूक्त हस्ताक्षरबाट संचालन गर्न सकिनेछ ।[११६]

**२२. लेखा परिक्षण:**

क) साधारण सभाले नियूक्त[११७] गरेको मान्यता प्राप्त लेखा परिक्षकद्धारा महासंघको लेखा परिक्षण गराईनेछ ।

ख) परियोजना अन्तरगतको लेखा परिक्षण साझेदार निकायको लेखा परिक्षक वा कार्य समितिले व्यवस्था गरेको लेखा परिक्षकद्वारा गराइनेछ । यस प्रयोजनको लागि केन्द्रीय, क्षेत्रीयवा जिल्ला कार्यसमितिले आ–आफ्नो निकायमा निर्णय गर्न सक्नेछन् र यसरी गरिएको लेखा परिक्षण मूल लेखा परिक्षणमा समायोजन

[111]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[112]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[113]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[114]तेस्रो संशोधन २०६७ द्वारासंशोधित ।
[115]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[116]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[117]तेस्रो संशोधन २०६७ द्वारा संशोधित ।

गरिने छ । क्षेत्रिय, जिल्ला समितिमा माथिल्लो निकायबाट आन्तारिक लेखा परिक्षण गर्न सकिनेछ ।[११८]

ग)महासंघको लेखापरिक्षणको प्रतिवेदन प्रत्येक वर्ष स्थानीय अधिकारी तथा समाज कल्याण परिषद् समक्ष पेश गरिने छ ।

## परिच्छेद – ८
## निर्वाचन सम्वन्धी व्यवस्था

### २३. निर्वाचन सम्वन्धी व्यवस्था

निर्वाचन सम्वन्धी कार्य विधि अन्यथा नतोकिएसम्म कार्यसमितिद्धारा गठित निर्वाचन समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

### २४. कार्य समितिको निर्वाचनमा उम्मेदवार हुने योग्यताः

(१) केन्द्रीय कार्य समितिको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनेछ ।

क) केन्द्रीय अध्यक्षका लागि महासंघको केन्द्रीय कार्यसमितिमा रही कम्तीमा १ कार्यकाल कार्य गरि सकेको हुनु पर्ने वा महासंघको क्षेत्रीय कार्यसमितिको अध्यक्ष पदमा रहि १ कार्यकाल पुरा गरेको हुनुपर्नेछ ।[११९]

ख) केन्द्रीय सदस्यका लागि सदस्य संस्थाको कार्य समितिको पदाधिकारी भई ३ वर्ष कार्य गरेको हुनुपर्नेछ ।[१२०]

(२) क्षेत्रीय कार्य समितिको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनेछ

क) क्षेत्रीय अध्यक्षका लागि क्षेत्रीय समिति सदस्य वा जिल्ला अध्यक्ष वा सो क्षेत्रस्थित महासंघका सदस्य संस्थाको अध्यक्ष पदमा रहि कम्तीमा १ कार्यकाल कार्य गरि सकेको हुनु पर्नेछ । यस प्रयोजनका लागि पूर्व केन्द्रीय सदस्यहरुलाई रोक लागेको मानिने छैन ।[१२१]

ख) क्षेत्रीय सदस्यका लागि कम्तीमा १ कायर्यकाल क्षेत्रीय तथा जिल्ला कार्य समितिमा वा सदस्य संस्थाको हकमा सम्वन्धित संस्थाको कार्यसमितिमा रही १ कार्यकाल कार्य गरिसकेको हुनु पर्नेछ ।[१२२]

(३) जिल्ला कार्य समितिको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनेछ

क) जिल्ला अध्यक्षका लागि कम्तीमा १ कार्यकाल जिल्ला कार्यसमिति वा आफूले प्रतिनिधित्व गर्ने महासंघको सदस्य संस्थाको अध्यक्ष पदमा रहि कार्य गरि सकेको हुनु पर्नेछ ।[१२३]

ख) जिल्ला सदस्यका लागि कम्तीमा १ कार्यकाल जिल्ला कार्यसमिति वा आफूले प्रतिनिधित्व गर्ने महासंघको सदस्य संस्थाको कार्यसमितिमा रही कार्य गरिसकेको हुनु पर्नेछ ।[१२४]

(४) महासंघलाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बुझाई सकेको र कुनै औपचारिक जिम्मेवारी पाएकोमा सो जिम्मेवारी पूरा गरिसकेको व्यक्ति मात्र महासंघको कुनैपनि निकायको पदमा उम्मेदवार

---

[118]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[119]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[120]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[121]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[122]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[123]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[124]तेस्रो संशोधन २०६७ द्वारा थप ।

बन्न सक्ने छ ।[१२५]

(५) महासंघको बैतानिक कर्मचारीको हकमा महाधिवेशनको मिति घोषणा भएपछि राजिनामा दिएको अवस्थामा उम्मेदवार हुन पाइने छैन ।[१२६]

**२५. अविश्वासको प्रस्तावः**

क) विशेष साधारण सभामा उपस्थित सम्पूर्ण सदस्य संख्याको ७५% बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएमा पदमूक्त भएको मानिने छ । तर पारित गर्नुअधि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन् ।[१२७]

ख) विधानको दफा १२ बमोजिम बोलाईएको विशेष साधारण सभाबाट मात्र अविश्वासको प्रस्ताव उपर छलफल हुन सक्नेछ ।[१२८]

ग) निर्वाचन भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति र कार्यसमिति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

## परिच्छेद – ९
## विविध व्यवस्था

**२६. विधान संशोधनः**

यस महासंघको विधान वा विधानको कुनै दफा संशोधन गर्न आवश्यक भएको कार्य समितिले वा महासंघको मताधिकार प्राप्त सम्पूर्ण प्रतिनिधिहरुको संख्याको एक तिहाई सदस्यहरुले सो कुराको प्रस्ताव कार्यसमिति मार्फत साधारण सभामा पेश गर्न सक्नेछन् । महासंघको मताधिकार प्राप्त राष्ट्रियसाधारण सभा वा साधारण सभाको उपस्थित प्रतिनिधि संख्याको दुई तिहाई बहुमतले पारित गरेमा स्थानीय अधिकारीको स्वीकृति लिई सो संशोधन लागु गरिने छ र त्यसलाई यस विधानको अभिन्न अंग मानिने छ ।[१२९]

**२७. विधानको व्याख्याः**

क) यस विधानको कुनै पनि दफा वा उपदफामा द्विविदा रहन गएमा त्यसको अन्तिम व्याख्या गर्ने अधिकार केन्द्रीय कार्य समितिमा रहने छ ।[१३०]

ख) यदि नेपाली र अंग्रजी भाषाको विधानको व्याख्यामा विवाद भएमा नेपाली भाषामा लेखिएको विधान बमोजिम व्याख्या गरिने छ ।

**२८. नियम तथा विनियम बनाउनेः**

केन्द्रीय कार्य समितिले संस्था दर्ता ऐन, २०३४ र संस्था दर्ता नियमावली, २०३४ तथा यो विधानको अधिनमा रहि महासंघको उद्देश्य परिपूर्ति गर्न आवश्यक नियम, विनियम र नियमावली बनाउन सक्ने छ ।[१३१]

---

[125]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[126]तेस्रो संशोधन २०६७ द्वारा थप ।
[127]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[128]तेस्रो संशोधन २०६७ द्वारा संशोधित।
[129]तेस्रो संशोधन २०६७ द्वारा संशोधित ।
[130]तेस्रो संशोधन २०६७ द्वारा संशोधित ।
[131]तेस्रो संशोधन २०६७ द्वारा संशोधित ।

**२९. महासंघको विघटनः**

महासंघको बिधान वमोजिम कार्य संचालन गर्न नसकि वा अन्य कुनै कारणवश महासंघ बिघटन भएमा यसको सम्पूर्ण जायजेथा नेपाल सरकारमा सर्ने छ ।[१३२]

**३०. यस विधानमा लेखिएका कुराहरु प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।**

---

[132]तेस्रो संशोधन २०६७ द्वारा संशोधित ।